# साझेदारमा वीउ आलु श्रोत केन्द्र स्थापना कार्यक्रम(रष्टिक हाउस निर्माण) सञ्चालन कार्यविधि,२०७७

(माननीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत मिति २०७७/०६/०९)

प्रदेश सरकार

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

**साझेदारमा वीउ आलु श्रोत केन्द्र स्थापना कार्यक्रम (रष्टिक हाउस निर्माण) सञ्चालन कार्यविधि, २०७७**

**<u>प्रस्तावनाः</u>** नेपालमा आलुबाली खाद्य सुरक्षाको हिसाबले निकै महत्वपुर्ण बालीको रुपमा रहेको छ । उच्च तथा दुर्गम क्षेत्रमा आलुलाई खाद्यान्न बालीकै रुपमा लिइने गरिन्छ, भने मध्यपहाड तथा तराईका जिल्लाहरुमा तरकारीको रुपमा प्रयोग गर्ने गरिन्छ । आलुबालीको उत्पादन वृद्धिको लागि गुणस्तरिय बीउ आलुको प्रमुख भुमिका रहन्छ । गुणस्तरिय बीउ आलु उत्पादन पश्चात भण्डारण गर्नको लागि बागमती प्रदेशका कृषकहरुको लागि अनुदान वितरण सरल, पारदर्शी तथा प्रभावकारी वनाउनको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमती तथा प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को दफा ४ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयवाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद- १
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "साझेदारमा वीउ आलु श्रोत केन्द्र स्थापना कार्यक्रम (रष्टिक हाउस निर्माण) सञ्चालन कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिवाट लागू हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"आवेदक"** भन्नाले योग्यता पुगी रष्टिक हाउस निर्माण गर्न अनुदान मागको लागि प्रस्ताव पेश गरेका आवेदकहरुलाई सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम"** भन्नाले अनुदानमा सञ्चालन गरिने "साझेदारमा वीउ आलु श्रोत केन्द्र स्थापना कार्यक्रम (रष्टिक हाउस निर्माण)" सम्झनु पर्छ।

(ग) **"सम्वन्धित कार्यालय"** भन्नाले यस कार्यविधि अनुसार अनुदान उपलव्ध गराउनको लागि कार्यक्रम सञ्चालन गर्ने कार्यालय सम्झनु पर्छ।

(घ) **"रष्टिक हाउस"** भन्नाले साधारणतया मधुरो प्रकाश तथा हावाको संचारको समुचित प्रवन्ध गरि बीउ आलु भण्डारण गर्नका लागि समुन्द्र सतहबाट २००० मिटर भन्दा माथिको उचाई वा उत्तरी मोहडा भएमा १५०० मीटर भन्दा माथिका पहाडी क्षेत्रमा प्रि-फ्याब वा ईट्टा वा ढुङ्गावाट वनाईने आलु भण्डारलाई सम्झनु पर्छ।

(ङ) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश सम्झनु पर्छ ।

(च) **निर्देशनालय"** भन्नाले बागमती प्रदेशको कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(छ) **"मूल्याङ्कन समिति"** भन्नाले यस कार्यविधिको दफा ६ वमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(ज) **"साझेदार संस्था"** भन्नाले यस कार्यक्रममा सहभागी हुन योग्यता पुगेका कृषक समूह, कृषि सहकारी, कृषि फार्म र निजी कृषि कम्पनी सम्झनु पर्छ ।

३. <u>**उद्देश्यः**</u> यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) बीउ आलु उत्पादन गरिने स्थानहरुमा बीउ आलुको सुरक्षित भण्डारण गर्ने,

(ख) आलुबालीको व्यवसायिकरण गरी आत्मनिर्भर भई निर्यात प्रबर्द्धन गर्ने,

(ग) गुणस्तरीय बीउ आलुको प्रयोग गरी आलुबालीको उत्पादन र उत्पादकत्व बृद्धि गरी खाद्य सुरक्षामा टेवा पुर्याउने,

(घ) कृषकको आयआर्जनमा बृद्धि गरी गरिवी न्यूनीकरणमा टेवा पुर्याउने ।

## परिच्छेद-२

## <u>कार्यक्रम सञ्चालन प्रक्रिया</u>

४. <u>**कार्यक्रम लागू हुने स्थानः**</u> यो कार्यक्रम बागमती प्रदेशमा लागू हुनेछ। तर बार्षिक कार्यक्रममा उल्लेख भएको खण्डमा सोही जिल्लाहरुमा र नभएको खण्डमा यस कार्यविधिलाई आधारमानी सूचना प्रवाह गर्दा सूचनामा जुनजुन जिल्लाहरु उल्लेख भई प्रस्ताव आव्हान हुन्छ सोही जिल्लामा लागू हुनेछ ।

५. <u>**सूचना प्रकाशन तथा प्रस्ताव पेश गर्नेः**</u> (१) सम्बन्धित कार्यालयले कार्यक्रम सञ्चालन गर्नको लागि तीस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा **अनुसूची - १** अनुसारको सूचना प्रकाशन गर्नेछ । साथै सूचना रेडियो, एफ.एम. तथा अनलाई पत्रपत्रिका मार्फत समेत प्रचार गर्नुपर्नेछ ।

(२) अनुदान सहयोग लिन चाहने साझेदार संस्थाले सूचनामा तोकिएको म्याद भित्र सम्वन्धित कार्यालयमा कार्यविधिमा तोकिए अनुसारको अनुसूची-२ बमोजिमको निवेदन र संलग्न कागजात, अनुसूची-३ बमोजिमको प्रस्ताव, अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र र प्राविधिकवाट तयार गरिएको लागत ईष्टमेट र नक्सा पेश गर्नुपर्नेछ । सो प्रस्ताव तथा निवेदनको दर्ता सूचना प्रकाशन गर्ने सम्वन्धित कार्यालय वा सम्वन्धित जिल्लाको कृषि ज्ञान केन्द्रमा गर्न सकिनेछ । तर, आवेदकहरु सम्बन्धित कार्यालयमा उपस्थित हुन नसकेमा कार्यालयको ईमेल मार्फत समेत प्रस्ताव पेश गर्न सक्नेछन ।

(३) उपदफा (२) अनुसार रष्टिक हाउस निर्माण कार्यक्रम सञ्चालन गर्दा कृषि सहकारी, कृषक समुह, कृषि फार्म तथा निजी कृषि कम्पनीहरुलाई प्रतिस्पर्धाका आधारमा अनुदान उपलव्ध गराईनेछ ।

(४) उपदफा (२) अनुसारको कार्यक्रम सञ्चालन गर्नको लागि कार्यक्रमको स्पेशिफिकेसन अनुसूची- ५ मा तोकिए बमोजिम हुनेछ।

(५) कार्यक्रम सञ्चालनको लागि साझेदार संस्थाको न्यूनतम मापदण्ड देहाय बमोजिम हुनेछः

(क) रष्टिक हाउस निर्माणको लागि बीउ आलु उत्पादन गरेको प्रमाण वा बीउ आलु उत्पादन गर्ने लिखित प्रतिवद्धता,

(ख) रष्टिक हाउस निर्माण कार्यको लागि प्राविधिकले तयार गरेको लागत ईष्टमेट र नक्सा तथा कार्यविधि बमोजिमको प्रस्ताव, निवेदन, प्रतिवद्धता पत्र,

(ग) प्रस्तावकका तर्फवाट प्रस्ताव पेश गर्न जिम्मेवारी तोकिएको ब्यक्तिलाई प्रस्तावकले अख्तियारी दिएको पत्र र निजको नागरिकताको प्रतिलिपि,

(घ) स्थानिय तहबाट संलग्न प्रस्ताव अनुसार कार्यक्रम सञ्चालन गर्न आवश्यक स्वीकृती पत्र,

(ङ) कृषक समूह, कृषि सहकारी, कृषि फार्म र निजी कृषि कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि र स्थायी लेखा नम्वर,

(च) रष्टिक हाउस निर्माण गर्ने जग्गाको अनुसूचीको स्पेशिफिकेशनमा तोकिए अनुसार स्वामित्व भएको लालपुर्जाको प्रतिलिपि ।

## परिच्छेद-३

## संस्थागत व्यवस्था

६. **मूल्याङ्कन समितिः** (१) साझेदार संस्थाको प्रस्ताव मूल्याङ्कन गरी छनौट गर्न देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछ ।

| | |
|---|---|
| (क) प्रमुख, सम्वन्धित कार्यालय | संयोजक |
| (ख) कृषि ईन्जिनियर | सदस्य |
| (ग) कानून अधिकृत(सम्भव भएसम्म) | सदस्य |
| (घ) प्रमुख, आर्थिक प्रशासन शाखा, सम्वन्धित कार्यालय | सदस्य |
| (ङ) वागवानी विकास अधिकृत, सम्वन्धित कार्यालय | सदस्य |
| (च) खरिद ईकाई प्रमुख, सम्वन्धित कार्यालय | सदस्य-सचिव |

(२) समितिले आवश्यकता अनुसार बढीमा ३ (तीन) जना विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) न्यूनतम मापदण्डका आधारमा प्रारम्भिक मूल्याङ्कन गर्ने र प्रारम्भिक मूल्याङ्कनमा छनौट भएका साझेदार संस्थाका प्रस्तावको मात्र थप मूल्याङ्कन कार्यमा अगाडी बढाउनेछ ।

(ख) प्रारम्भिक मूल्याङ्कनमा छनौट भएका प्रस्तावको थप मूल्याङ्कन अनुसूची-६ बमोजिमको मूल्याङ्कनका मापदण्ड अनुसार गर्ने,

(ग) अनुगमनको क्रममा प्रस्तावमा पेश गरिएको विवरण झुटो ठहरिएमा, प्राविधिक रुपमा अनुपयुक्त देखिएमा वा आवश्यक न्यूनतम योग्यता नपुगेको प्रमाणित भएमा सो प्रस्ताव अयोग्य ठहर गरी बाकी प्रस्तावहरुको मूल्याङ्कन प्रक्रिया अघि बढाउने,

(घ) मूल्याङ्कन समितिले आवश्यकता अनुसार तोकिएको मूल्याङ्कन शीर्षक र अङ्क भार भित्र रही थप मूल्याङ्कनका उपशीर्षक निर्धारण गर्न सक्नेछ,

(ङ) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी प्राथमिकता क्रम तोकी स्वीकृतिका लागि सम्वन्धित कार्यालयमा पेश गर्ने।

(४) स्वीकृत कार्यक्रमको परिधि भित्र रही मूल्याङ्कनमा न्यूनतम अंङ्क भन्दा सबैभन्दा बढी अंङ्क प्राप्त गर्ने प्रस्तावहरु कार्यक्रम सञ्चालनका लागि छनौट गरिनेछ। सम्वन्धित कार्यालयले स्वीकृत कार्यक्रम र बजेटको परिधि भित्र रहि प्रस्ताव छनौट र स्वीकृत बजेट बाडफाँड गरी कार्यान्वयन गराउनेछ।

## परिच्छेद -४
## आर्थिक पक्ष

७. **सम्झौता**: (१) प्रस्ताव स्वीकृत भएका साझेदार संस्थाले जानकारी प्राप्त गरेको पन्ध्र दिनभित्र कार्यविधि बमोजिम अनुसूची-७ बमोजिमको सम्झौता सम्बन्धित कार्यालयमा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको समयसीमा भित्र सम्झौता गर्न नआएमा क्रमश दोस्रो र तेस्रो प्राथमिकतामा रहेका साझेदार संस्थासँग सम्झौता गर्न सकिनेछ ।

(३) रितपूर्वकको एक मात्र प्रस्ताव दर्ता हुन आएमा छनौट गरी सम्झौता गर्न बाधा पर्ने छैन ।

(४) उपदफा (२) बमोजिम सम्झौता गर्न नआएमा वा रितपूर्वक कुनै पनि प्रस्ताव पर्न नआएमा पन्ध्र दिनको म्याद दिई पुन: सूचना प्रकाशन गर्नु पर्नेछ। पूनः सूचना प्रकाशन गर्दा समेत रितपूर्वक प्रस्ताव नपरेमा वा सम्झौता गर्न नआएमा उक्त आर्थिक वर्षमा कार्यक्रमको लागि सूचना प्रकाशन गरिने छैन।

८. **भुक्तानी प्रक्रिया**: अनुदान रकम भुक्तानी लिन साझेदार संस्थाले सक्कल बील (PAN/VAT) भरपाई, कार्य प्रगति विवरण, कार्य सम्पन्न भएको प्राविधिकको प्रतिवेदन, निर्मित संरचनाको रङ्गीन फोटो, स्थानीय तहको कार्यक्रम सम्पन्न भएको सिफारीस तथा अन्य आवश्यक कागजातहरु सम्वन्धित कार्यालयमा पेश गर्नुपर्नेछ । यसरी पेश भएको विवरण र कागजातको आधारमा सम्बन्धित कार्यालयले साझेदार संस्थालाई अनुदान रकम बैंक खाता मार्फत भुक्तानी दिनेछ।

९. **अनुदान रकम**: (१) स्वीकृत वार्षिक कार्यक्रममा बजेटको व्यवस्था भए बमोजिम रष्टिक हाउस निर्माणको लागि प्राविधिकको कार्य सम्पन्न प्रतिवेदनका आधारमा कूल खर्चको ५० प्रतिशत वा बढीमा कार्यक्रममा विनियोजित रकम मध्ये जुन कम हुन्छ सो रकम अनुदान उपलव्ध गराइनेछ।

(२) कार्यक्रम बजेटको २.० (दुई प्रतिशत) प्रतिशत कन्टिन्जेन्सी बापत कट्टा गरिनेछ र सो रकम बैठक, अनुगमन, निरिक्षण, इन्धन, मर्मत आदि कार्यमा खर्च गरिनेछ ।

## परिच्छेद -५
## विविध

१०. **साझेदार संस्थाको दायित्व**: साझेदार संस्थाले प्रत्येक रष्टिक हाउस निर्माणमा अनुदानमा प्राप्त भएको विवरण समेटिने गरी होडिङ्ग बोर्ड राख्नुपर्नेछ । साझेदार संस्थाले स्व लगानी तर्फको ५०% रकम सम्झौता भए अनुसार खर्च गर्नुपर्नेछ ।

११. **विशेष प्राथमिकता**: (१) रष्टिक हाउस निर्माणको लागि विगतको वर्षहरु देखि व्यवसायिक बीउ आलु उत्पादन गरेको कृषक समूह, कृषि सहकारी, कृषि फार्म र निजी कृषि कम्पनीहरुलाई प्राथमिकतामा राखि कार्यक्रम संचानल गरिनेछ।

(२) कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय र स्थानीय तहहरुद्वारा सञ्चालित कार्यक्रम तथा आयोजनाहरुसँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा सञ्चालन गरिनेछ।

१२. **<u>अनुगमनः</u>** यस कार्यक्रमको अनुगमन मन्त्रालय, कृषि विकास निर्देशनालय र सम्वन्धित कार्यालयले गर्नेछ।

१३. **<u>कारबाहीको व्यवस्थाः</u>**(१) सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई सम्वन्धित कार्यालय वा तालुक निकायले प्रचलित कानून बमोजिम कारवाही गर्नेछ ।

(२) साझेदार संस्थाले यस कार्यविधिमा निर्धारित कुनै शर्त पालना नगरेको वा अनुदान दुरुपयोग गरेमा त्यस्ता साझेदार संस्थाबाट कानून बमोजिम जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ ।

१४. **<u>संशोधन</u>** : यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१५. **<u>प्रचलित कानून बमोजिम हुने</u>** : यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिमर अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ।

## अनुसूची -१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**साझेदारमा बीउ आलु श्रोत केन्द्र स्थापना कार्यक्रम अन्तर्गत रष्टिक हाउस निर्माण सम्बन्धी प्रस्ताव आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मितिः ....................

................ को आ.व. ............ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बीउ आलु भण्डारको लागि रष्टिक हाउस निर्माण कार्य सञ्चालनको लागि बागमती प्रदेशका कृषक समूह, कृषि सहकारी, कृषि फार्म र निजी कृषि कम्पनीले यो सूचना प्रकाशित भएको ३० दिनभित्र कार्यालय समयमा सम्वन्धित कार्यालयमा वा सम्वन्धित जिल्लाको कृषि ज्ञान केन्द्रमा तोकिए बमोजिमका कागजात सहित निवेदन साथ प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ। साथै आवेदकहरु सम्बन्धित कार्यालयमा उपस्थित हुन नसकेमा कार्यालयको ईमेल मार्फत समेत प्रस्ताव पेश गर्न सकिनेछ ।

**पुनश्चः** "साझेदारमा बीउ आलु श्रोत केन्द्र स्थापना कार्यक्रम (रष्टिक हाउस निर्माण) सञ्चालन कार्यविधि, २०७७" भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेशको बेवसाईट http://molmac.bagamati.gov.np/ बाट प्राप्त गर्न सकिनेछ ।

## अनुसूची-२

**(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)**

**<u>आवेदन फारम</u>**

श्री प्रमुख ज्यू,                                                                                    मितिः

............... ।

मेरो कृषक समूह, कृषि सहकारी, कृषि फार्म र निजी कृषि कम्पनीबाट ........ जिल्लाको......... गा.पा/न.पा. को वार्ड नं...... स्थानमा "साझेदारमा वीउ आलु श्रोत केन्द्र स्थापना कार्यक्रम (रष्टिक हाउस निर्माण) सञ्चालन कार्यविधि,२०७७" अनुसार बीउ आलु भण्डारको लागि रष्टिक हाउस निर्माण कार्य गर्ने लक्ष्य रहेकोले सोका लागि लागत अनुमान रु.........सहित तपसिल बमोजिमका कागजातहरू राखी निवेदन पेश गरेको छु/गरेका छौं।

**<u>संलग्न कागजातहरुको विवरणः</u>**

१. रु.१०।- को हुलाक टिकट,

२. अनुसूची -२ अनुसारको निवेदन,

३. अनुसूची-३ बमोजिमको प्रस्ताव,

४. अनुसूची-४ बमोजिमको प्रतिबद्धता पत्र,

५. आधिकारिक दर्ता, र स्थायी लेखा नम्बरको प्रतिलिपी,

६. साझेदार संस्थाको निर्णय प्रतिलिपि,

७. साझेदार संस्थाले जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र,

८. अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

९. प्रस्तावको लागि प्राविधिकवाट तयार गरिएको लागत ईष्टमेट र नक्सा,

१०. प्रस्ताव गरिएको कार्य गरिने जग्गाको स्वामित्व वा भोकाधिकार खुलेको लालपुर्जा वा प्रमाणको प्रतिलिपि

११. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,

१२. प्रस्तावित निर्माण स्थलमा सडक, पानी तथा विजुली रहे/नरहेको प्रमाणित कागजात,

१३. कृषक समूह, कृषि सहकारी, कृषि फार्म र निजी कृषि कम्पनीले ब्यहोर्ने योगदान प्रतिशतको भरपर्दो आधारको रुपमा प्रतिबद्धता पत्र ।

निवेदक

| | |
|---|---|
| दस्तखतः | कृषक समुह/कृषि सहकारीः |
| नाम थरः | ठेगानाः |
| पदः | संस्थाको छापः |
| फोन नं. | हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको |
| दस्तखत | |

अनुसूची -३
(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)
**प्रस्तावको ढाँचा**

१.प्रस्तावित उपआयोजनाको सारांशः

| | |
|---|---|
| उपआयोजनाको नामः | |
| कार्यक्रममा समावेश हुने क्रियाकलाप | • बीउ आलु भण्डारको लागि रष्टिक हाउस निर्माण |
| आवेदकको नामः | |
| ठेगानाः | |
| सम्पर्क व्यक्तिः | |
| ठेगानाः | |
| सम्पर्क टेलिफोन नं. | |
| दर्ता वर्षः | |
| मु. अ. कर⁄ स्था. ले. नं. र दर्ता वर्षः | |
| बैंक खाता विवरणः | बैंकको नामः<br>ठेगानाः<br>खाता नं.<br>खाता सञ्चालकको नामः |
| आवेदकको परिचय तथा अनुभव | अनुभव र योग्यता सम्बन्धित यहाँ उल्लेख गरी कागजातहरु अनुसूचीमा संलग्न राख्ने। बीउ आलु उत्पादन, प्रमाणीकरण, भण्डारण सम्वन्धि अनुभव र योग्यता सम्बन्धी विवरण यहाँ उल्लेख गरी कागजातहरु अनुसूचीमा संलग्न राख्ने। |
| प्रस्तावित व्यवसायको सार संक्षेप | |
| जम्मा लागत रु. | |
| अनुदान माग रु. | |
| स्वलगानी रु. | |
| उपआयोजना सञ्चालन स्थलः | जिल्लाः<br>म.न.पा./ उ.म.न.पा./न.पा./ गा.पा.<br>वार्ड नं.<br>स्थानः |
| वर्तमान क्रियाकलापहरु | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

| | |
|---|---|
| प्रस्तावित उपआयोजनाको प्रमुख उद्देश्य | • <br> • <br> • <br> • |
| प्रस्तावित क्षेत्रको हालको अवस्था | प्रस्तावित क्षेत्रमा आलुबालीको हालको अवस्था, क्षेत्रफल, उत्पादन, जातहरु, बीउ आलु उत्पादन अवस्था, भण्डारण सुविधा आदि विस्तृतमा |
| प्रस्तावित उपआयोजनाका मुख्य क्रियाकलापहरु | क्रियाकलापहरु <br> • <br> • <br> • <br> • |

**खण्ड -ख**

२. व्यवसायको विवरण

| २.१ प्रस्तावित व्यवसायिक योजनाको भूमिका र पुष्टयाइ |
|---|
| ५०० शब्द नघटाई व्यवसायको छोटकरी विवरण जसमा नाम, मुख्यकाम, प्रकृति, वर्तमान मुख्य क्रियाकलापहरु, अवस्था, उपलब्धीहरु, सामना गरिरहेका समस्याहरु, पहिचान गरिएका अवसरहरु, प्रस्तावित कार्य, यसको प्रभाव, मुख्य बजार, सम्भावित आम्दानी र कृषकलाई प्रस्तावित उपआयोजनाबाट हुने फाइदाहरु उल्लेख गर्ने। |

२.२ प्रस्तावित क्रियाकलापहरु सञ्चालन ढाँचा

बढिमा ५०० शब्द भित्र प्रस्तावित क्रियाकलापहरुको संक्षिप्त विवरण दिनुहोस (के, कसरी, कस्ले, कहाँगर्ने), कुन ढाँचामा सञ्चालन हुने,

कार्यतालिका

| क्रियाकलाप | अवधि (महिना) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

२.३ बीउ आलु उत्पादन (विगतको वर्षहरुमा उत्पादन भएको परिमाण)

| क्र.स. | बीउ आलुको स्तर | २०७६ साल | | २०७५ साल | | २०७४ साल | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | क्षेत्रफल हे. | उत्पादन मे.टन | क्षेत्रफल हे. | उत्पादन मे.टन | क्षेत्रफल हे. | उत्पादन मे.टन | |
| १. | मूल बीउ आलु | | | | | | | बीउ आलु |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | उत्पादन | | | | | | | उत्पादन तथा प्रमाणीकरण भएको पुष्ट्याई |
| २. | प्रमाणीत प्रथम बीउ आलु | | | | | | | |
| ३. | प्रमाणित द्वितिय बीउ आलु | | | | | | | |
| ४. | उन्नत बीउ आलु | | | | | | | |

२.४ बीउ आलु व्यवस्थापन (रष्टिक हाउसको लागि)

बीउ आलुको श्रोत कहाँ हो? कसरी प्राप्त गर्ने? कुन कुन जातको कति परिमाणमा लगाउने? आदि बारेमा उल्लेख गर्ने। वार्षिक कति भण्डारण गर्ने हो?

२.५ जनशक्ति

आवेदककोमा पूर्णकालिन वा आंशिक जनशक्ती भएमा उल्लेख गर्ने। जनशक्तिको योग्यता तथा अनुभव समेत उल्लेख गर्ने।

प्राविधिक जनशक्तिः

व्यवस्थापकिय जनशक्तीः

श्रमिकः

**खण्ड -ग**

३. बिक्री तथा आम्दानी विवरण

३.१ बिक्री आम्दानी प्रक्षेपण

| क्र.स. | बीउ आलुको स्तर | २०७८ साल | | २०७९ साल | | २०८० साल | |
|---|---|---|---|---|---|---|---|
| | | क्षेत्रफल हे. | उत्पादन मे.टन | क्षेत्रफल हे. | उत्पादन मे.टन | क्षेत्रफल हे. | उत्पादन मे.टन |
| १. | मूल बीउ आलु उत्पादन | | | | | | |
| २. | प्रमाणीत प्रथम बीउ आलु | | | | | | |
| ३. | प्रमाणीत द्वितिय बीउ आलु | | | | | | |
| ४. | उन्नत बीउआलु | | | | | | |

| क्र.सं. | पूर्वमूल बीउ/बीउ आलु | इकाई | परिमाण | प्रति ईकाइ मूल्य | जम्मा मूल्य |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**खण्ड-घ**

४. व्यवस्थापन योजना

४.१ कृषि सामग्री/कृषि औजार एवं उपकरणहरु खरिद योजना

| क्र.सं. | विवरण | इकाई | परिमाण | विरुवा जात वा प्रकार/ कृषि औजार तथा उपकरणहरु | आपूर्तिकर्ता | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**खण्ड ङ**

५.सञ्चालन गरिने कार्यको दिगोपनाको आधार तथा दिगोपनाको लागि योजनाः

सञ्चालन खर्च, कर्मचारी खर्च आदीको व्यवस्थापन कसरी गर्ने, आवश्यक बीउ आलु तथा आलुको श्रोत व्यवस्थापन कसरी गर्ने, आदी। प्रदेश सरकारको अनुदान गरिएका कार्यहरुले निरन्तरता पाईरहने आधारहरु उल्लेख गर्ने। निरन्तरता नभएमा के कस्तो खालको कार्वाही भोग्न तयार हुने प्रतिवद्धता जायर गर्ने।

प्रस्तावक संस्थाको नामः

ठेगानाः

दस्तखत (अधिकार प्राप्त व्यक्तिको)

मितिः

संस्थाको छापः

नोटः प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा विस्तृत रुपमा प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ ।

## अनुसूची -४

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

**<u>प्रतिबद्धता पत्र</u>**

यस कार्यालयको मिति २०७..../....../...... को सूचना अनुसार .....................कार्यक्रम अन्तरगत .........कार्य गर्न इच्छुक भइ सो कार्यक्रममा सहभागिताको लागि योजना सहितको आवेदन पेश गरेको छु /छौं । उक्त कार्यक्रममा छनौट भएमा व्यवसायिक योजनामा उल्लेख भए बमोजिमको कार्य गरी घटीमा ५ (पाँच) वर्ष सम्म निरन्तरता दिनेछु/छौं । योजना अनुसारको कार्य नगरेमा वा ५ (पाँच) वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं अन्यथा ऐन कानून बमोजिम सहुँला /बुझाउँला । साथै संचालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

इति सम्वत् २०७..../......../......गते रोज ...... शुभम् ।

नाम :

ठेगाना :

| दायाँ | बायाँ |
|---|---|
| | |

## अनुसूची -५

(दफा ५ को उपदफा (४) सँग सम्बन्धित)

**रष्टिक हाउस निर्माण सम्बन्धी विवरण तथा स्पेशिफिकेशन (नमुनाको लागि आवेदकले थपघट गर्न सक्नेछ)**

१. बीउ आलु उत्पादन समूह गठन भई गुणस्तरीय बीउ आलु उत्पादन कार्य थालनी भएका वा थालनि गर्ने प्रतिवद्धता जाहेर गरिएको स्थानहरुमा यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । अनुदान प्राप्त गर्न कृषकले आफनो तर्फबाट गर्नुपर्ने कार्य सम्पन्न गर्नुपर्नेछ ।

२. रष्टिक हाउस निर्माणका लागि जग्गाको उपयुक्त छनौट गर्नु पर्नेछ तथा जग्गाको व्यवस्थापन साझेदार संस्थाले गर्नुपर्नेछ। कृषक समुह/कृषि सहकारी/कृषि फार्म/नीजी कृषि कम्पनीको आफ्नै स्वामित्व भएको जग्गालाई प्राथमिकता दिईनेछ र सार्वजनिक जग्गामा निर्माण कार्य गर्नको लागि स्थानिय तहबाट कार्यक्रम सञ्चालन गर्नको लागि जग्गा हस्तान्तरण भएको हुनुपर्नेछ। करारमा लिईएको जग्गामा निर्माण कार्य गर्नको लागि कम्तिमा पनि १० वर्षको लागि कानुन वमोजिम करार सम्झौता गरिएको हुनुपर्दछ।

३. रष्टिक हाउस प्रि फ्याब वा ईट्टा वा ढुङ्गाको वनाउन सकिनेछ । रष्टिक हाउस ५० मे.टन. भन्दा बढी क्षमताको हुनुपर्नेछ ।

४. हावाको संचार (भेण्टिलेशन) को लागि भुई सतहमा २/३ स्थानमा १*१ फिटको भेण्टिलेशन राखी मुसा वा अन्य कीरा पस्न नसक्ने गरी मसिनो तारको जालीले बन्द गर्नु पर्दछ। यसै गरी हाउसको भित्ताको माथिल्लो भागमा पनि १*१ फिटको भेण्टिलेशन झ्यालहरु राखी तारको जालीले बन्द गर्नु पर्दछ।

५. हाउसको लम्वाई बढी र चौडाई कम हुनु पर्दछ। साधारणतया रष्टिक हाउसको चौडाई २० फिट भन्दा वढी हुनुहुदैन र क्षमता वढाउनको लागि आवश्यक्ता अनुसार लम्वाई वढाउनु पर्नेछ। हाउसको गाह्रो संगै संगै आलु राख्ने तखता (र्‍याक) वनाउने र विचमा बाटो राख्नु पर्दछ ।

६. तखताको चौडाई २ फिट, गहिराई ६ ईन्च र लम्वाई आवश्यकता अनुसार बनाउनु पर्दछ। आलु राख्दा हरेक दानामा मधुरो प्रकाश पुग्नु आवश्यक हुन्छ ।

प्रदेश सरकार
व्यवस्था, कृषि तथा सहकारी मन्त्रा
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल



नमुनाको लागि मात्र

७. सम्भव भएसम्म हाउस रुखमुनी, उत्तर मोहडा, सेपिलो स्थानमा वनाउनु पर्दछ ।

८. रष्टिक हाउस निर्माण गर्दा आसपासको क्षेत्रमा एक वा एक भन्दा वढी रष्टिक हाउस निर्माण गरि सूचनामा तोकिएको क्षमता पुऱ्याउन सकिनेछ र सो को लागि लगत ईष्टिमेट र डिजाईन अनिवार्य रुपमा प्राविधिकवाट गराईएको हुनुपर्नेछ।

नोटः माथी उल्लेखित स्पेशिफिकेशनलाई आधार मानी भौगोलिक बनोटको आधारमा के कस्तो रष्टिक हाउसको आवश्यकता पर्छ, सो मिलाएर प्रस्ताव राख्न सक्नेछ ।

अनुसूची

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

**आलुको रष्टिक हाउस निर्माण सम्बन्धी प्रस्ताव मूल्याङ्कन मापदण्ड**

पूर्णाङ्क - १००

उत्तिर्णाङ्क -५०

| क्र.सं. | मूल्याङ्कन सूचक | अंकभार |
|---|---|---|
| **१.** | **सडक सुविधा** | **३** |
| १.१ | कालो पत्रे भएको | ३ |
| १.२ | ग्राभेल/कच्ची सडक | २ |
| **२.** | **बिजुलीको सुविधा** | **२** |
| २.१ | भएको | २ |
| २.२ | नभएको | १ |
| **३.** | **रष्टिक हाउसको लागि प्रस्तावित स्थानको उपुक्तता** | **२** |
| ३.१ | हरेक कोणबाट उपयुक्त स्थान भएको | २ |
| ३.२ | सम्भाव्य स्थान रहेको | १ |
| ३.३ | अनुपयुक्त स्थान | ० |
| **४.** | **बीउ आलु उत्पादनको लागि क्षेत्रफल** | **१३** |
| ४.१ | आलु खेती ५०० रोपनी भन्दा वढी भएको | १३ |
| ४.२ | २०० रोपनी देखि ४९९ रोपनी सम्म भएको | १० |
| ४.३ | २०० रोपनी भन्दा कम भएको | ८ |
| **५.** | **प्रस्तावकको आर्थिक क्षमताको अवस्था** | **१०** |
| ५.१ | लागत अंश व्यहोर्न सक्षम भएको प्रर्याप्त आधार देखिएको | १० |
| ५.२ | व्यहोर्नु पर्ने लागत अंश व्यहोर्ने तथा प्राविधिक सम्भाव्य देखिएको | ५ |
| ५.३ | व्यहोर्नु पर्ने लागत तथा प्राविधिक क्षमता नदेखिएको | ० |
| **६.** | **व्यवसायिक योजना** | **१०** |
| ६.१ | व्यवसायिक दृष्टिले बढी मुनाफाजनक, दिगो तथा प्रस्ट | १० |
| ६.२ | व्यवसायिक दृष्टिले कम मुनाफामूलक, कम दिगो तथा अस्पस्ट | ५ |
| ६.३ | व्यवसायिक दृष्टिले मुनाफा रहित तथा अव्यवहारिक | ० |
| **७.** | **वजारीकरण योजना** | **५** |
| ७.१ | स्पष्ट भएको | ५ |
| ७.२ | भएको तर अस्पष्ट तथा विश्वाशिलो नभएको | २.५ |
| ७.३ | नभएको | ० |
| **८.** | **बीउ उत्पादन तथा प्रमाणीकरण** | **१०** |
| ८.१ | बीउ उत्पादन गरी प्रमाणीकरण गरेको | १० |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

| | | |
|---|---|---|
| ८.२ | बीउ उत्पादन गरेको, प्रमाणीकरण नगरेको | ५ |
| ८.३ | हाल बीउ उत्पादन नगरेको र शुरुवात गर्ने | २.५ |
| **९.** | **बीउ आलु भण्डारणको लागि कोल्डस्टोरमा पहुच** | **५** |
| ९.१ | कोल्डस्टोर ५० कि.मि भन्दा टाढा रहेको | ५ |
| ९.२ | कोल्डस्टोर २५-५० कि.मि मा रहेको | २.५ |
| ९.३ | कोल्डस्टोर स्थानिय स्तरमा उपलव्ध रहेको | ० |
| **१०** | **रष्टिक हाउसको डिजाईन साईज र उपयुक्तता** | **१५** |
| १०.१ | सबै दृष्टीकोणबाट उपयुक्त | १५ |
| १०.२ | साधारण तथा केही सुधार गर्दा उपयुक्त हुनसक्ने | १० |
| १०.३ | अनुपयुक्त | ० |
| **११** | **आलु उत्पादन क्षेत्रसँग समन्वयमा सञ्चालन हुन सक्ने सम्भावना** | **५** |
| ११.१ | उत्पादन पकेटमा नै स्थापना भएको | ५ |
| ११.२ | बजार केन्द्रको नजिकमा स्थापना भएको | ४ |
| ११.३ | उत्पादन पकेट र बजार केन्द्रभन्दा टाढा स्थापना भएको | ३ |
| १२ | रष्टिक हाउस वन्ने जमिनको स्वामित्वता | १० |
| १२.१ | समुह/सहकारी/फर्म/कम्पनीको आफ्नै स्वामित्व भएको | १० |
| १२.२ | करारमा | ५ |
| **१३** | **बीउ आलु भण्डारण तथा रष्टिक हाउस सञ्चालनको लागि आवश्यक प्राविधिक दक्षता** | **५** |
| १३.१ | प्राविधिक दक्षता भएको | ५ |
| १३.२ | दक्षता प्राप्त गर्न सक्ने आधार भएको | ३ |
| १३.३ | सञ्चालनको लागि दक्ष प्राविधिक नभएको | २ |
| **१४** | **कार्यक्रमको दिगोपनाको आधारहरु** | **५** |
| १४.१ | दिगोपनाको लागि योजना भएको र योजना कार्यान्वयन हुन सक्ने | ५ |
| १४.२ | योजना भएको, दिगोपना हुने सम्भावना रहेको | २.५ |
| १४.३ | दिगोपना हुन नसक्ने | ० |

अनुसूची - ७

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**सम्झौता पत्र**

यो सम्झौता (यसपछि सम्झौता भनिएको) मिति ........ साल ....... महिनाको ..... गतेका दिन (सम्बन्धित कार्यालयको नाम तथा ठेगाना) ................................ (यसपछि प्रथम पक्ष भनिएको ) र (साझेदार संस्थाको नाम तथा ठेगाना).............................(यसपछि द्वितिय पक्ष भनिएको) बिच बीउ आलु भण्डारको लागि रष्टिक हाउस निर्माण कार्य सञ्चालनको लागि कुल रकमको ............. प्रतिशतले हुन आउने साझेदार रकम प्रथम पक्षले दोश्रो पक्षलाई प्रदान गर्न देहाय बमोजिमका शर्तहरुको पालना गर्ने गरी यो सम्झौता सम्पन्न भएको छ । यो सम्झौता दुबै पक्षहरुबाट हस्ताक्षर भएको मिति देखि लागु हुनेछ ।

१. यो सम्झौता, सम्झौता भएको मिति वाट लागू हुनेछ ।
२. सम्झौता भएको मितिले सम्झौता अनुसारका क्रियाकलापहरु १५ दिनभित्र सुरु गर्नुपर्नेछ । साझेदारिको शुरु मितिः....................र सम्पन्न हुने मितिः......................... हुनेछ ।
३. आयोजनाको कुल लागत रु....................(अक्षेरेपी .................................मात्र) रहेको छ जस मध्ये सम्बन्धित कार्यालयले २ प्रतिशत कन्टिन्जेन्सी रकम ................ कट्टी गरी कुल रु. ........................... (अक्षेरेपी .................................मात्र) साझेदारी रकम उपलब्ध गराउनेछ ।
४. आयोजनाको लागत र क्रियाकलाप उल्लेख गरी ५x६ फिटको होर्डिङ्ग बोर्ड सबैले देख्ने स्थानमा निर्माण स्थलमा राख्नुपर्नेछ ।
५. यस सम्झौतामा उल्लेख भएका देखि अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ ।

| पहिलो पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| दस्तखत : | दस्तखतः |
| नाम : | नामः |
| पद : | पदः |
| कार्यालय : | संस्थाः |
| छाप : | छाप : |

साक्षीः

१.

२